# ७१ औं कार्यपालिका निर्णयहरु (मिति २०८३।०६।२७)

प्रस्ताव नं. १. नगरस्तरीय विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएका निर्णयहरु सम्बन्धमा।

निर्णय नं.१(क): प्रस्ताव नं. १ माथि छलफल गर्दा रसुवा जिल्ला स्थित भोटेकोशी नदीमा आएको बाढीमा सम्पर्क विहिन व्यक्तिहरुको खोजी कार्यमा सहजीकरण गर्ने सम्बन्धमा टीकापुर नगरपालिकाको नगर स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८३/०५/१७ मा बसेको बैठकको निर्णय नं. ५ अनुसार मिति २०८३/०५/१० गते रसुवा लगायतका जिल्लामा भोटेकोशी नदीमा आएको बाढीले टीकापुर नगरपालिका क्षेत्रभित्रका सम्पर्क विहिन भएका व्यक्तिको खोजी कार्यका लागि तत्काल नियमानुसार लागेको खर्च कार्य संचालन निर्देशिका, २०७८ बमोजिम विपद तथा प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराउन सिफारिस भई आएकोले सोही बमोजिम गर्ने निर्णय गरियो ।

(ख): प्रस्ताव नं. १ माथि छलफल गर्दा डुबान क्षेत्रको पानी निकासा तथा विपद् व्यवस्थापन सम्बन्धमा टीकापुर नगरपालिकाको नगर स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८३/०५/२२ मा बसेको बैठकको निर्णय नं. ३ र ४ अनुसार टीकापुर नगरपालिका क्षेत्रभित्र कुनै क्षेत्र डुबान भई जोखिम निम्त्याउन सक्ने अवस्था भएमा, कुनै आपतकालिन अवस्था आएमा वा आउन सक्ने संभावना भएमा तत्काल नगर कार्यपालिकासँग रहेको स्रोत साधन (जेसीबी, टीप्पर, शव बाहन लगायत) र थप आवश्यक भएमा पालिकाले स्रोत साधन भाडामा लिई सम्बन्धित वडाको सिफारिसमा कार्य गर्ने भनि विपद व्यवस्थापन समितिमा निर्णय भएकोमा उक्त कार्यमा भएको खर्च प्रचलित कानून बमोजिम विपद तथा प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

(ग): प्रस्ताव नं. १ माथि छलफल गर्दा अस्थायी तटबन्धन सम्बन्धमा टीकापुर नगरपालिकाको नगर स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८३/०५/२२ मा बसेको बैठकको निर्णय नं. ४ अनुसार टीकापुर नगरपालिका वडा नं. ८ श्रीलंका तथा तोली गाउँमा कर्णाली नदीले कटान गरिरहेको क्षेत्रमा तत्काल न्यूनीकरण/ रोकथामका लागि स्थानीय समुदायबाट अस्थायी तट्बन्ध गरिएको र उक्त कार्य गर्नका लागि आवश्यक पर्ने सामग्री (कट्टा जाली) उपलब्ध गराईदिन रानी जमरा कुलरिया सिंचाई आयोजना टीकापुरलाई अनुरोध गरि कार्य सम्पन्न भएको साथै उक्त कार्य गर्नका लागि सुरक्षा निकाय तथा सरोकारवालालाई समेत अनुरोध गरिएकोमा सो कार्यमा लागेको खर्च प्रचलित कानून र मापदण्ड बमोजिम प्रकोप तथा विपद व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो ।

(घ): प्रस्ताव नं. १ माथि छलफल गर्दा जंगली जनावर र मानवबीचको द्वन्द न्यूनीकरण सम्बन्धमा टीकापुर नगरपालिकाको नगर स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८३।०६।२२ गते बसेको बैठकको निर्णय नं. ३ बमोजिम टीकापुर नगरपालिका अन्तर्गत तपसिलका क्षेत्रमा जंगली जनावर हात्ती, बाघ, चितुवाले मानिसहरुको घर,पशु चौपाया तथा बालीनाली दैनिक रुपमा क्षति गरिरहेको र मानविय क्षति हुने समेत उच्च जोखिम भएकोले उक्त क्षेत्रमा आवश्यक सुरक्षा तथा जंगली जनावर र मानवबीचको द्वन्द न्यूनीकरणका लागि जोखिमयुक्त क्षेत्रमा रु. ५,००,०००।- (पाँच लाख मात्र) रकम प्रकोप तथा विपद व्यवस्थापन कोषबाट विनियोजन गर्ने तथा प्राविधिकको लागत अनुमान तथा सम्बन्धित वडा समितिको निर्णय तथा सिफारिसका आधारमा बत्ती जडान तथा मर्मत गर्ने निर्णय गरियो ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

कार्यवाहक नगर प्रमुख

नियमानुसार प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

७१ औं कार्यपालिकाको निर्णय

तपसिलः

टीकापुर नगरपालिका वडा नं.२ विजय नगर देखि वडा नं. ५ पार्क क्षेत्र सम्म ।

टीकापुर नगरपालिका वडा नं.५ नुकलीपुर, शाहीपुर र कर्मीडाँडा टोल

टीकापुर नगरपालिका वडा नं.८ बनगाउँ, पुँदाल टोल, श्रीलंका गाउँ

(ङ): प्रस्ताव नं. १ माथि छलफल गर्दा भोटेकोशी नदीमा आएको बाढी प्रभावितलाई राहत रकम सहयोग सम्बन्धमा टीकापुर नगरपालिकाको नगर स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८३।०६।२२ गतेको निर्णय नं. ४ बमोजिम मिति २०८३।०५।१० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढी विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा टीकापुर नगरपालिकाको तर्फबाट रु. ५,००,०००।- (पाँच लाख मात्र) रकम प्रकोप तथा विपद व्यवस्थापन कोषबाट जम्मा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २. मनोसामाजिक परामर्श कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा टीकापुर नगरपालिका र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र-नेपाल (सि.एम. सी. नेपाल) बिच मिति २०८३/०३/०४ गते भएको सम्झौता बमोजिम टीकापुर नगरपालिका र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र-नेपाल (सी.एम.सी.-नेपाल)को साझेदारीमा 'संक्रमणकालीन न्यायका लागि मनोसामाजिक परामर्श र सामुदायिक एकीकरण कार्यक्रम' सञ्चालन गर्नको लागी १९ औ नगरसभामा बजेट विनियोजन नभएकोले आवश्यक बजेट व्यवस्थापनको लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३. मेडिकल अधिकृतको थप सेवा सुविधा सम्बन्धमा।

निर्णय नं. ३ प्रस्तावन नं. ३ माथि छलफल गर्दा शहरी स्वास्थ्य प्रवद्र्धन तथा सिकलसेल केन्द्रमा कार्यरत मेडिकल अधिकृत (आठौं) को थप सेवा सुविधा सम्बन्धमा सिकलसेल सेवाको आवश्यकता र औचित्यतालाई मध्यनजर गरि नागरिकलाई सेवा प्रवाह गर्ने तथा अन्य पालिकाहरुको नजिर समेतलाई मध्यनजर गर्दै यस कार्यालय अन्तर्गत शहरी स्वास्थ्य प्रवद्र्धन तथा सिकलसेल केन्द्रमा मेडिकल अधिकृत (आठौं) पदमा कार्यरत कर्मचारीलाई यातायात खर्च र जोखिम खर्च बापत एकमुष्टमा रु.१५,०००।-(अक्षरुपी पन्ध हजार मात्र) थप सुविधा उपलब्ध गराउन नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. ४. क्षयरोगमुक्त पालिका घोषणा अभियानका लागि बजेट विनियोजन सम्बन्धमा ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा टीकापुर नगरपालिका, १९ औ नगरसभाले जनस्वास्थ्य शाखा अन्तर्गत आ.व.२०८३/०८४ मा संचालन गर्नुपर्ने विभिन्न क्रियाकलापहरुमा रकम विनियोजन गरेकोमा नगरपालिकाले तय गरेका नीति अनुरुप क्षयरोगमुक्त पालिका अभियान संचालन गर्न नगरपालिकाले लागत साझेदारी गर्नुपर्ने भएको हुँदा सशर्त बजेटको आधारमा रु. ५,००,०००।- (अक्षरुपी पाँच लाख मात्र) रकम समपुरक कोषबाट विनियोजन गर्ने साथै आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

... बहादुर नगार्जी
कार्यवाहक नगर प्रमुख

नियमानुसार प्रमाणित

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

१९ औं कार्यपालिका बैठकको निर्णय

प्रस्ताव नं. ५ स्थानीय स्वास्थ्य आपतकालिन पुर्वतयारी र प्रतिकार्य योजना २०८३, स्वीकृति सम्बन्धमा ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा टीकापुर नगरपालिकाको ६५ औ कार्यपालिकाको निर्णय न. ७ ले स्थानीय स्वास्थ्य आपतकालीन पुर्वतयारी र प्रतिकार्य योजना तयार गर्ने सैद्धान्तिक सहमति दिएकोमा सम्बन्धित शाखाको अध्ययन तथा सिफारिसमा स्थानीय स्वास्थ्य आपतकालीन पुर्वतयारी र प्रतिकार्य योजना २०८३ स्वीकृति गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ अन्य सामाजिक सहायता सम्बन्धमा ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र अन्तर्गत बसोबास गर्ने व्यक्तिहरु जटिल रोगबाट पिडित भइ आर्थिक अभावका कारण औषधि उपचार गर्न नसकि रहेको हुँदा आर्थिक सहयोग गरिपाउँ भनि नगरपालिका समक्ष निवेदन पेश भएको सम्बन्धमा आवश्यक कागजातहरुको अध्ययन गरि टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधिमा भएको व्यवस्था बमोजिम गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ विभिन्न संघसंस्था तथा समुहहरुबाट संस्कृति प्रवर्द्धन र दिवस मनाउन आर्थिक सहयोग सम्बन्धमा ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा विभिन्न संघ/संस्था तथा समुहहरुबाट संस्कृति प्रवर्द्धन तथा दिवस मनाउन आर्थिक सहयोगका लागि अनुरोध भई आएको सन्दर्भमा चालु आ.व. २०८३/८४ का लागि साहित्य कला र संस्कृतिक संरक्षण कार्यक्रम तथा स्थानीय दिवस सभासमारोहहरु उत्सव कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट तपसिल बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

| क्र.स. | सम्बन्धित कार्यक्रम | सम्बन्धित संघ/संस्था/समुह | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | लिङ्गे पिङ्ग स्थापना कार्यक्रम | पद्म प्रकाशेश्वर टोल विकास संस्था | २०,०००।- | |
| २. | गणेश उत्सव कार्यक्रम | वडा नं १,२ र ६ | १,१०,०००।- | वडा नं १ को लागि ५०००० तथा वडा नं २ र ६ को लागि ३०००० हजारका दरले हुनेगरि |
| ३. | गुरही पर्व | थारु कल्याणकारी सभा | ४०,०००।- | |
| ४. | शारदीय साधना नवरात्र दुर्गा पुजा | वडा नं ७ | ६०,०००।- | |
| ५. | गुडिमुन्टे गाईजात्रा कार्यक्रम | सिर्जनशिल युवा समाज नेपाल | ३०,०००।- | |
| ६. | कला र संस्कृतिको जगेर्ना गर्न नृत्य प्रतियोगिता कार्यक्रम | द क्राउन डान्स एण्ड जुम्बा सेन्टर | ४०,०००।- | |

७१ औं कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राम बहादुर नगार्जी
कार्यवाहक नगर प्रमुख

नियमानुसार प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ८. नगर शिक्षा समितिबाट सिफारिस भई आएका निर्णयहरू सम्बन्धमा।

निर्णय नं.८(क): प्रस्ताव नं. ८ माथि छलफल गर्दा अनाथ तथा असहाय बालबालिका संरक्षण केन्द्र सञ्चालनका लागि बजेट विनियोजन सम्बन्धमा टीकापुर नगरपालिका अन्तर्गतको श्री सरस्वति माध्यमिक विद्यालय टीकापुर-१ कैलालीमा सञ्चालित अनाथ तथा असहाय बालबालिका संरक्षण केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको रकम आगामी नगरसभाबाट श्रोत सुनिश्चिता सहित निर्णय अनुमोदन हुनेगरि हाल नगरपालिकाको प्रशासनिक खर्च अन्तर्गतका शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र स | कार्यक्रम शिर्षक | रकम | रकमको स्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | अनाथ तथा असहाय बालबालिका संरक्षण केन्द्र सञ्चालन तथा व्यवस्थापन अनुदान (सरस्वति मा वि वनगाँउ) | रु. २०,००,०००।- | आगामी नगरसभाबाट अनुमोदन तथा श्रोत सुनिश्चितता भएबमोजिम | |

निर्णय नं.८(ख): प्रस्ताव नं. ८ माथि छलफल गर्दा नगर अनुदान शिक्षकको तलब रकम थप सम्बन्धमा टीकापुर नगरपालिका अन्तर्गतका सामुदायीक विद्यालयहरुमा नगर अनुदानमा कार्यरत शिक्षक तथा बालविकास सहजकर्ताहरुको तलब तथा अन्य सेवा सुविधा सम्बन्धमा मिति २०८३।०६।१५ गतेको नगर शिक्षा समितिको सिफारिस बमोजिम थप सेवासुविधा उपलब्ध गराउन नगरकार्यपालिका समक्ष पेश गर्ने निर्णय भएकोमा हाल उक्त रकम भुक्तानी गर्ने स्पष्ट श्रोत नभएकोले आगामी नगरसभामा पेश गरि श्रोत सुनिश्चितता तथा कार्यपालिको निर्णय अनुमोदन गर्ने साथै तपसिल बमोजिमको तलबमान कायम गर्नको लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

तपसिल:

| क्र स | तह | तलब | अन्य सेवा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | बालविकास सहजकर्ता | मासिक रु. २४,०००।०० (अक्षरुपी चौबिस हजार मात्र) | एक महिना बराबरको चाडपर्व खर्च र वार्षीक रु.१०,०००।०० पोषाक खर्च | |
| २ | आधारभुत तह (१-५) | मासिक रु.२९,०९६।०० (अक्षरुपी उनान्तिस हजार छयानब्बे मात्र) | | |
| ३ | आधारभुत तह (६-८) | मासिक रु.३१,१०१।०० (अक्षरुपी एकतिस हजार एक सय एक मात्र) | | |

निर्णय नं.८(ग): प्रस्ताव नं. ८ माथि छलफल गर्दा सामुदायिक विद्यालय सञ्चालन तथा नगर अनुदान शिक्षक व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृति सम्बन्धमा टीकापुर नगरपालिका अन्तर्गत सञ्चालित विभिन्न सामुदायिक विद्यालयहरुमा शिक्षण सिकाई प्रक्रियामा सहजिकरणको लागि शिक्षक अभाव परिपुर्ति गर्न विद्यालयमा कार्यरत नगर अनुदान शिक्षकहरुको तलब तथा अन्य सुविधा व्यवस्थापन गर्न र विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि

१४ औं कार्यपालिका बैठकको निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नियमानुसार प्रमाणित

बहादुर ... कार्यवाहक नगर प्रमुख
प्रमुख प्रशासकीय अधिकृत

विद्यार्थी संख्याको आधारमा प्रदान गरिने प्रति विद्यार्थी अनुदान रकम प्रभावकारी रुपमा कार्यान्वयन गर्न "सामुदायिक विद्यालय सञ्चालन तथा नगर अनुदान शिक्षक व्यवस्थापन कार्यविधि, २०८३" नगर शिक्षा समितिको मिति २०८३।०६।१५ गतेको सिफारिस बमोजिम हुनेगरि स्विकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९- आन्तरिक आय ठेक्काको मूल्य अभिवृद्धि कर दाखिला सम्बन्धमा ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०७९/०६/०२ देखि मिति २०८२ भाद्र मसान्तसम्म ३ वर्षका लागि टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आन्तरिक आय ठेक्का सूचना नं. TMO/NCB/03/2079/80 (खक्रौला नाकामा कबाडीको सामान निकासी शुल्क सम्बन्धी ठेक्का) को ठेकेदार पक्ष माण्डव्य कन्स्ट्रक्सन प्रा.लि., ढकारी गा.पा.१, अछामले उक्त ठेक्का सम्झौता बमोजिम दोस्रो र तेस्रो किस्ता वापत जम्मा गर्नुपर्ने रकम निजले पेश गरेको बैंक जमानत पत्रबाट असुल उपर भई मिति २०८३/०४/०७ गतेका दिन यस नगरपालिकाको आन्तरिक राजश्व खातामा रु.२५,८०,०००/- (अक्षरुपी रु. पच्चिस लाख असी हजार मात्र) जम्मा भएकोमा उक्त रकम मध्ये मू.अ.कर बापतको रु.२,९६,८१४।१६( अक्षरुपी रु. दुई लाख छयानब्बे हजार आठ सय चौध र सोह्र पैशा मात्र) नगरपालिकाको आन्तरिक श्रोतबाट आन्तरिक राजश्व कार्यालयको सम्बन्धित खातामा जम्मा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १०. कवाडी कर सम्बन्धी आर्थिक ऐनमा छुट दररेट निर्धारण सम्बन्धमा।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा टीकापुर नगरपालिकाको आर्थीक ऐन, २०८३ को दफा ६ संग सम्बन्धित अनुसूचि-५ को खण्ड (२) मा कबाडी मालसामान लाग्न करको दर उल्लेख भएकोमा उक्त अनुसूचीमा समावेश हुन छुट भएका देहायका कबाडी मालसामान राजश्व परामर्श समितिको मिति २०८३।०६।२३ गतेको निर्णय तथा सिफारिस बमोजिम आगामी नगर सभाबाट अनुमोदन हुने गरी टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा ३३ को उपदफा(१) बमोजिम तपसिल बमोजिम दरले कबाडी कर लगाई असुल गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | इकाई | आ.व.२०८३/८४ को लागि स्वीकृत दर रु. |
|---|---|---|---|
| १ | सिसा लिडको धुलो र टुक्रा | प्रति के.जी. | २/-(दुई) |
| २ | परालबाट बनेका पुराना सामान | प्रति के.जी. | २/-(दुई) |
| ३ | चादर | प्रति के.जी. | २/-(दुई) |
| ४ | प्लाष्टिकको जुत्ता चप्पल र पुरानो प्लाष्टिकको टुक्रा | प्रति के.जी. | २/-(दुई) |
| ५ | प्लाष्टिकको थैली, झिल्ली, पोलिथिन, पानीको बोतल | प्रति के.जी. | १/-(एक) |
| ६. | राइस ब्रान र पिना | प्रति के.जी. | १/-(एक) |
| ७. | पराल(पशुको आहाराको लागि बाहेक) | प्रति के.जी. | ०।५०(पचास पैसा) |
| ८. | धान, गहुँको भुस(पशुको आहाराको लागि बाहेक) | प्रति के.जी. | ०।२५(पच्चिस पैसा) |
| ९. | काठको धुलो | प्रति के.जी. | ०।५०(पचास पैसा) |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राम बहादुर नगर्जी
कार्यवाहक नगर प्रमुख

नियमानुसार प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

७९ औं कार्यपालिका बैठकको निर्णय

प्रस्ताव नं. ११. आ.व.२०८३/८४ नगर दररेट सम्बन्धमा ।

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार आ.व.२०८३/८४ को लागि नगरपालिका क्षेत्रभित्र निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, कामदारको ज्याला, ढुवानी, घरभाडा, मेशिन तथा उपकरणको भाडा तथा महसुलका साथै, बायोइन्जिनियरिङ्ग सामान तथा पशुचौपाया लगायतका दररेट यस नगरपालिकाको दररेट निर्धारण समितिबाट सिफारिस भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १२ घ वर्ग इजाजत पत्र नविकरण सम्बन्धमा ।

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा घ वर्ग निर्माण व्यवसायी ईजाजत पत्र नविकरण सम्बन्धी कार्यविधि,२०७७(दोस्रो संशोधन) को दफा ३ मा भएको व्यवस्था बमोजिम गत आ.व.मा नविकरण गर्न छुट भएका तपसिल बमोजिमका निर्माण व्यवसायीलाई तोकिएको दस्तुर लिई नविकरण गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | निर्माण व्यवसायीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | श्री साई कन्सट्रक्सन | टीकापुर-१ कैलाली | तेब्बर दस्तुर लिने |
| २. | श्री राजन निर्माण सेवा | टीकापुर-१ कैलाली | तेब्बर दस्तुर लिने |
| ३. | श्री जाल्वा निर्माण सेवा | टीकापुर-१ कैलाली | तेब्बर दस्तुर लिने |
| ४. | श्री बालाजी कन्सट्रक्सन | टीकापुर-४ कैलाली | तेब्बर दस्तुर लिने |

प्रस्ताव नं. १३. प्रारम्भिक वातावरणीय परिक्षण (IEE) TOR स्वीकृति सम्बन्धमा ।

निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिकाको मुलपानी सनकट्टीघाट देखि सत्ति कर्णालीको पुल सम्मको सम्भाव्य स्थानहरुबाट नदीजन्य पदार्थ(ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् तथा संकलन गर्ने प्रयोजनका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नुपर्ने भएको हुँदा उक्त अध्ययन अनुसन्धान कार्यका लागि TOR स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४. टीकापुर नगरपालिकाको नगर यूवा परिषद् विधेयक सम्बन्धमा ।

निर्णय नं. १४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा टीकापुर नगरपालिकाको नगर युवा परिषद् विधेयकको मस्यौदा तयार गर्न नगरपालिकाको विधायन समितिमा पठाउने निर्णय गरियो ।

प्रस्तावना नं. १५ स्थानीय खेलकुद समिति गठन सम्बन्धमा ।

निर्णय नं. १५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा टीकापुर नगरपालिकाको स्थानीय खेलकुद समिति गठनको लागि सुदुरपश्चिम प्रदेश खेलकुद नियमावली,२०७७ को नियम ७ को उपनियम (१) बमोजिम कार्यवाहक नगरप्रमुखलाई आवश्यक प्रक्रिया र मापदण्ड बमोजिम हुनेगरि नगरभित्रका खेलकुद सँग सम्बन्धित व्यक्ति तथा संस्थाहरुसँग छलफल गरि नियुक्तिको लागि जिल्ला खेलकुद समितिमा सिफारिस गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१३ औं कार्यपालिका निर्णय

राम बहादुर ...
कार्यवाहक नगर प्रमुख

नियमानुसार प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्ताव नं. १६. अस्थायी फोहोर व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. १६ प्रस्ताव नं. १६ माथि छलफल गर्दा मिति २०८३।०६।२३ गते जाल्पादेवि सेवा समितिबाट शर्त सहित नगरपालिकाको अस्थायी फोहोर व्यवस्थापनको लागि उक्त सेवा समितिको क्षेत्रभित्र जग्गा उपलब्ध गराउने तथा उक्त जग्गा उपलब्ध गराए वापत जाल्पादेवि सेवा समितिलाई ट्रस निर्माण तथा अन्य आवश्यक पूर्वाधार निर्माण गरिदिन माग भइआएकोले नगरपालिकाको दिर्घकालिन रुपमा फोहोर व्यवस्थापनको लागि जग्गाको व्यवस्थापन तथा आवश्यक पूर्वाधार निर्माण नभएसम्मको लागि उक्त क्षेत्रमा फोहोर व्यवस्थापन गर्ने साथै जाल्पादेवि सेवा समितिलाई रु. १०,००,०००।- (दश लाख मात्र ) रकम सम्मको आवश्यक सामाग्री तथा पूर्वाधार निर्माण गर्ने तथा उक्त रकम नगरपालिकाको आन्तरिक श्रोतबाट खर्च गर्ने तथा आगामी नगरसभाबाट अनुमोदन तथा समर्थन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १७. टीकापुर नगरपालिका कार्यसंचालन निर्देशिका,२०७८ संशोधन सम्बन्धमा।

निर्णय नं. १७ प्रस्ताव नं. १७ माथि छलफल गर्दा टीकापुर नगरपालिका कार्यसंचालन निर्देशिका, २०७८ संशोधन गर्नुपर्ने आवश्यक भएकोले अर्थ मन्त्रालयबाट जारी भएको कार्यसंचालन निर्देशिका, २०८१ सँग नबाझिनेगरि टीकापुर नगरपालिका कार्यसंचालन निर्देशिका, २०७८ को दफा ९ तथा अनुसूचि १ मा भएको व्यवस्थालाई देहायबमोजिम संशोधन गर्ने निर्णय गरियो ।

तपशिल:

| संशोधन गरिएको दफा | मौजुदा कानुनी व्यवस्था | संशोधन भएको | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| टीकापुर नगरपालिका कार्यसंचालन निर्देशिका २०७८ को दफा ९ को उपदफा (१) तथा अनुसूची -१ | टीकापुर नगरपालिका कार्यसंचालन निर्देशिका २०७८ को दफा ९ को उपदफा (१) मा सरकारी तथा निजी सवारी साधन प्रयोग गरी नियमित रुपमा कार्यालयमा आउने कर्मचारीलाई अनुसूची १ बमोजिमको इन्धन सुविधा उपलब्ध हुनेछ तथा अनुसूची -१ माबमोजिमको इन्धन सुविधा उपलब्ध हुनेछ तथा अनुसूचि १ मा अधिकृत स्तर तथा सहायक स्तरलाई १० लिटर तथा कार्यालय सहयोगीलाई ५ लिटर मासिक रुपमा उपलब्ध गराउने | टीकापुर नगरपालिका कार्यसंचालन निर्देशिका २०७८ को दफा ९ को उपदफा (१) तथा अनुसूची -१ बमोजिम अधिकृत स्तर तथा सहायक स्तरलाई १० लिटर तथा कार्यालय सहयोगीलाई ५ लिटर मासिक रुपमा उपलब्ध गराउदै आएकोमा अब उप्रान्त इन्धन वापत हुन आउने नगद अधिकृत स्तर का कर्मचारीहरुलाई नगद रु २,०००।– (अक्षरुपी दुई हजार मात्र) र सहायक स्तरका कर्मचारीहरुलाई नगद रु २,०००।–(अक्षरुपी दुई हजार मात्र) तथा कार्यालय सहयोगी लाई रु १०००।– (अक्षरुपी एक हजार मात्र) मासिक रुपमा नगद रकम खातामा उपलब्ध गराउने | अर्थ मन्त्रालयको संशोधित कार्यसंचालन निर्देशिका २०८१ बमोजिम तथा हालको बजार दररेटका साथै कार्यालयको कार्यचापलाई मध्येनजर गरि झन्झटीलो कागजी प्रक्रियालाई सहज हुनेगरि गरिएको। |

७९ औं नगरपालिका बैठक निर्णय

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राम बहादुर नगार्जी
कार्यवाहक नगर प्रमुख

नियमानुसार प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १८. नमूना आवास कार्यक्रम (दलित तथा जनजाती बस्ती) कार्यान्वयनको लागि वडा छनौट सम्बन्धमा।
निर्णय नं. १८ प्रस्ताव नं. १८ माथि छलफल गर्दा आ.व. २०८३।०८४ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत संघिय सरकार विशेष अनुदान पूँजिगत अन्तर्गत रु. १,८०,००,०००।– (अक्षरुपी एक करोड असी लाख मात्र ) विनियोजन भएकोमा उक्त कार्यक्रम कार्यान्वयन गर्न १९ औ नगरसभामा निर्णय नं ६ बमोजिम हुनेगरि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

राम बहादुर नगार्जी
कार्यवाहक नगर प्रमुख

नियमानुसार प्रमाणित
२०८३।०६।२८

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

७९ औं कार्यपालिका बैठकको निर्णय